# महालेखापरीक्षकको कार्यालय

आज मिति २०८०।५।२१ गते कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको अध्यक्षतामा लेखापरीक्षण सल्लाहाकार समितिको २०औं बैठक सम्पन्न भएको छ । समितिबाट भएका निर्णयहरु निम्नानुसार छन् ।

१. कार्यसूचि १ वार्षिक लेखापरीक्षण योजना र कार्यतालिका -२०८०

समितिका सदस्य सचिव श्री वामदेव शर्मा अधिकारीबाट वार्षिक लेखापरीक्षण योजना र कार्यतालिका २०८०, लेखापरीक्षणको उद्देश्य, क्षेत्र, विधि, सीमा, वित्तीय, परीपालना र कार्यमूलक तथा विशेष लेखापरीक्षणका वारेमा प्रस्तुतिकरणको गर्दै लेखापरीक्षणका मुलभुत विशेषता, सीमा र वास्तविकताका सम्वन्धमा प्रकाश पार्नु भएको थियो । त्यस्तै हिमाली, पहाडी र तराईको ४६ जिल्लामा भाद्र/आश्विन महिनामा, उपत्यका लगायत १४ जिल्लामा कार्तिक मार्ग महिनामा र बांकी जिल्लामा पौष/माघ महिनामा लेखापरीक्षण सम्पन्न गरी चैत्र मसान्तमा सम्माननीय राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको र २०८१ बैशाख, जेष्ठ र आषाढमा क्षमता विकास तथा आगामी वर्षको लेखापरीक्षण योजना तर्जुमा गर्ने कार्यतालिका रहेको जानकारी गराउनु भएको थियो ।

२. कार्यसूचि २ लेखापरीक्षणमा सुधार

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट लेखापरीक्षणमा सुधार अभियान अन्तर्गत सबै लेखापरीक्षकहरूले आचरण, व्यवहार र सम्बन्धमा सुधार गर्ने, प्रतिवेदनको गुणस्तर र विश्वसनियता अभिवृद्धि गर्ने, लेखापरीक्षण प्रतिवेदन ढांचामा सुधार गरी परिचय खण्डमा लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्दति, परीक्षण गरिने विषय र सीमा उल्लेख गर्ने र सो बमोजिम लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइएको जानकारी गराउनु भएको थियो । त्यस्तै बैंठकमा लेखापरीक्षण सुधार कार्यका लागि ११ विषयका ८१ बुँदामा निर्देशन दिइएको, कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र व्यवहारमा अनुभूति हुने गरी सुधार गर्दै लेखापरीक्षणको समग्र व्यवस्थापकीय सुधारबाट जनतामा विश्वास दिलाउने, प्रविधिको प्रयोगबाट लेखापरीक्षण गर्ने, आचारसंहिता पालनाको नियमित अनुगमन गर्ने र आचार संहिता उल्लघंन गरेको पाइएमा तुरून्तै कारवाही गर्ने व्यवस्था मिलाइएको जानकारी गराइएको थियो ।

३. कार्यसूची ३ : सुझाव कार्यान्वयन

सल्लाहकार समितिबाट प्राप्त सुझावहरुमा लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्दै विश्वसनियता कायम गर्नुपर्ने, आचारसंहिता पालनाको नियमित र सुक्ष्म अनुगमन गर्नुपर्ने, पुरस्कार र दण्डको व्यवस्था कार्यान्वयन गर्नुपर्ने, वित्तीय लेखापरीक्षण मात्र होइन श्रोत साधनको उपयोग र उपलब्धी प्राप्ती सम्वन्धी कार्यमूलक लेखापरीक्षणको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, रणनीतिक योजनाका लक्ष्य र क्रियाकलाप कार्यान्वयनमा जोड दिनुपर्ने, आयोजना Post Evaluation Audit गर्ने कार्यको शुरुवात गर्नुपर्ने, सार्वजनिक लेखा समितिसँग निरन्तर संवाद गरी प्रतिवेदन कार्यान्वयनमा जोड दिनुपर्ने, कर्मचारीको क्षमता विकास सम्वन्धी विशेष तालिमको व्यवस्था मिलाउनुपर्ने, सार्वजनिक संस्थानले गरेको वस्तु तथा सेवा खरिदका विषयलाई प्राथमिकता साथ परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने, जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई प्रभावकारी बनाउनु पर्ने, दिगो विकास तथा वातावरणीय लेखापरीक्षणलाई जोडदिनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रभाकारीता अभिवृद्धि गर्दै अन्तिम लेखापरीक्षण कार्यमूलक लेखापरीक्षणमा केन्द्रित गर्ने, सुधार अभियानलाई निरन्तरता दिनुपर्ने लगायतका सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

४. कार्यसूचि ४ विविध :

कर्मचारीलाई उत्प्रेरणा स्वरूप कार्यसंचालन निर्देशिका वमोजिम स्थलगत लेखापरीक्षण तथा वार्षिक प्रतिवेदन तयारीमा संलग्न रहँदा कार्यालय खुलेको दिनमा रू.३००।- र सार्वजनिक विदाको दिनमा रू.६००।- उपलब्ध गराउनका लागि रकम व्यवस्था गर्न अर्थ मन्त्रालयमा अनुरोध गर्ने, अनामनगरस्थित भवनमा करिव ४०० जनाका लागिमात्र कार्यकक्ष रहेको र हाल दरवन्दी ६४३ भए अनुसार कर्मचारी कार्यरत रहेकोले कार्यकक्ष व्यवस्थापनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।